गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्तापूर्व), गण्डकी प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७९/०९/१२**

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११घ(६) र न(३), तथा नगर विपद ब्यबस्थापन समितिको निर्णय बमोजिम नारायणी नदि ब्यबस्थापन आयोजनाले तटबन्ध निर्माण गर्ने स्थानको बगर क्षेत्रबाट नदिजन्य पदार्थ हटाई/उत्खनन् गरी नगरपालिकाबाट तोकिएका अधिकतम २ कि.मि. सम्मको क्षेत्र भित्रका स्थानहरुमा घाटगद्दी गर्ने (ठेक्का बन्दोबस्त) कार्य उल्लेखित कार्यालयको अधिकतम खर्चको सिमा भित्र रही आ.ब. २०७९/२०८० का लागि सार्बजनिक खरिद नियमावली २०६३ ऐन को दफा-४१ को उपदफा १ को खण्ड (घ३) र बमोजिम दरभाउपत्रबाट ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यस नगरपालिकाबाट तोकिएको दर रेट र तोकिएको शर्तहरुको अधिनमा रही ठेक्का लिन इच्छुक (**मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम "घ" वर्गको निर्माण ब्यबसाय सम्बन्धि ईजाजतपत्र**) भएका फर्म/ कम्पनीबाट देहायको समयभित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुपर्नेछ। अन्य थप जानकारीको लागि कार्यालय समय भित्र यस नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

## ठेक्का विवरण

| ठेक्का नं. | नारायणी नदि अन्तर्गतका खण्ड तथा स्थानहरु | अनुमानित नदिजन्य पदार्थको परिमाण (घ.मि.) | धरौटी रकम | दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरि ) | कैफियत |
|---|---|---|---|---|---|
| 01/EW/079/80 | नारायणी नदि मुरलीटार क्षेत्र (खण्ड क-१) वडा नं. ६ र ७ को सिमाना क्षेत्र | ६०,०००.०० | रु. १० लाख | रु. ३०००.०० | उल्लेखित नदिजन्य पदार्थको परिमाण थपघट हुन सक्नेछ । |

## शिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु

१. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको १५ औ दिन सम्म दरभाउपत्र खरिद यस कार्यालयको गैंडाकोट स्थित रा.बा. बैङ्कमा रहेको राजश्व खातामा रु.३००० (फिर्ता नहुने गरि) जम्मा गरि गरी १६ औ दिनको १२ वजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ, १६ औं दिन सम्म प्राप्त दरभाउपत्रहरु सोही दिन २ वजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ, दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

२. दरभाउपत्र फारम पेश गर्दा **स्व-घोषणा** सहित **मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व.२०७९/०८० सम्मको फर्म नवीकरण, आ.व. २०७८/७९ को आयकर चुक्ता प्रमाण पत्र, न्युनतम घ वर्गको निर्माण ब्यबसाय सम्बन्धि ईजाजतपत्र, फारम खरिद गरेको भौचरको स्क्यान प्रति** पेश गर्नु पर्नेछ।

३. दरभाउपत्र फारम भरी पेश गर्दा धरौटी रकम यस कार्यालयको गैंडाकोट स्थित रा.बा. बैङ्कमा रहेको धरौटी खातामा रकम जम्मा गरेको सक्कल बैङ्क भौचर वा मान्यता प्राप्त क बर्गको बाणिज्य बैङ्कले यस कार्यालयको नाममा जारी गरेको सोही रकम बराबरको कम्तिमा १२० दिन म्याद भएको बैङ्क दरभाउपत्र जमानतपत्र दरभाउपत्र साथ पेश गर्नु पर्नेछ। कबोल गरेको रकमको अकं र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ।

प्रमुख प्रशासकीय अधिकृत

## बैक खाता सम्बन्धि जानाकारी

बैकको नाम:- राष्ट्रिय बाणिज्य बैंक, गैंडाकोट शाखा

कार्यालयको नाम:- गैंडाकोट नगरपलिका कार्यालय, नगरकार्यपालिकाको कार्यालय, कार्यलय कोड:- ८०४४६४०२

कार्यालयको खाता नं. ३३५०१००३०४०१०००२ ग-४-१ ( फारम दस्तुरको लागि)

३३५०१००३०३०००००२ ग-३ (धरौटी रकमको लागि )

४. यस पूर्व यस कार्यालयलाई तिर्नु पर्ने कुनै पनि दायित्व बाँकी रहेको निर्माण व्यवसायीबाट पेश भएको दरभाउपत्रलाई मान्यता दिइने छैन तर दरभाउपत्र पेश गर्नुभन्दा पहिले फरफारक गरेमा दरभाउपत्र पेश गर्नमा कुनै बाधा पर्ने छैन ।

५. ठेक्का पेश गर्नु पूर्व नदिजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रहरुको स्थलगत अनुगमन गर्न ईच्छुक फर्मका प्रतिनिधिहरुलाई कार्यालयको तर्फबाट मिति २०७९/०९/१४ र २१ गते दिउसो १:०० को समय उपलब्ध गराईएको छ। यो सुचनामा उल्लेखित नदिजन्य पदार्थको परिमाण नगरपालिकाको आदेशानुसार थपघट हुन सक्ने छ। नदिजन्य पदार्थ उठाउदा हुने घटना, दुर्घटना, बिभिन्न परिस्थिति, आर्थिक तथा भौतिक क्षतिपूर्ति समेत फर्म/कम्पनि स्वयमको हुनेछ । उत्खनन गरिने स्थलको स्थलगत अनुगमन गरि यथार्थ बस्तुस्थिति तथा जोखिम मुल्यांकन गरि दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

६. नदिजन्य पदार्थ उठाई तोकिएको स्थानसम्म घाटगद्दी गर्दाको बाटो थप मर्मत गर्नु पर्ने भएमा सम्बन्धित फर्म/कम्पनीले नै गर्नु पर्नेछ। यसको लागि आवश्यक ग्रावेल सोही क्षेत्रबाट प्रयोग गर्न सकिनेछ ।

७. कुनै शर्त राखि पेश गरेको, हुलाकमार्फत पठाएको र रित नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

८. दरभाउपत्रदाताले दैनिक कम्तिमा ३००० घ. मि. उत्खनन गरी घाटगद्दी गर्नु पर्नेछ । कम्तिमा २०००० घ. मि. घाटगद्दी भएपश्चात मात्र प्रथम किस्ता भुक्तानी उपलब्ध गराईनेछ र तत्पश्चातको भुक्तानी सोही अनुपातमा उपलब्ध गराईनेछ । तोकिएको परिमाणमा उत्खनन गरी घाटगद्दी गर्न नसकेमा जुनसुकै समयमा ठेक्का सम्झौता गद्द गर्न सकिनेछ ।

९. पेश भएका दरभाउपत्र कारण खुलाई वा नखुलाई स्विकृत गर्ने वा अस्विकृत गर्ने वा यस सम्बन्धी खरिद कारवाही पूर्व वा आंशिक रुपमा परिमार्जन वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।

१०. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न अन्य शर्तहरुका प्रत्येक बुदाहरु र ठेक्का स्विकृती पश्चात सम्झौता उल्लेख गरिने शर्तहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन् ।

११. यस सूचना तथा दरभाउपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मूल्यांङ्कनमा समावेश गरिने छैन ।

१२. उत्खनन् स्थलबाट पदार्थ ओसार पसार गर्दा विहान ८ बजे देखि साँझ ६ बजे सम्मको समयमा मात्र गर्नु पर्नेछ ।

१३. पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

१४. ओसार पसार गर्ने बाटोहरूमा धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य उत्खननकर्ताले नै गर्नु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत